**सम्मानित सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**सम्पूर्ण कर्मचारी वर्ग**

फालेलुङ गाउँपालिकाको यस गरिमामय दशौं गाउँसभामा उपस्थित हुनुभएका सभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई सर्वप्रथम हार्दिक स्वागत गर्न चाहन्छु । साथै गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व. २०७८/०७९ को बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेकी छु ।

राष्ट्र, राष्ट्रियता, जनाधिकार, लोकतन्त्र र परिवर्तनका लागि २००७ साल अघिदेखि हालसम्मका नागरिक स्तरका विभिन्न जन आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने तमाम ज्ञात अज्ञात शहिदहरुप्रति म यस घडीमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा बेपत्ता भएकाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

परिवर्तनका संवाहक तिनै नेपाली वीर सपुतहरुको योगदानले आज मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको बहाली भएको छ । जनताले देखेको स्वशासनको सपना संवैधानिक रुपमै संस्थागत भएको छ । वर्तमान नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकारको अवधारणा अन्तर्गत जनताले छुन, देख्न र महसुस गर्न सक्ने सरकारको रुपमा फालेलुङ गाउँपालिकामा पनि नेपालको इतिहासमा पहिलो पटक व्यवस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकार सहितको जननिर्वाचित स्थानीय सरकार गठन भएको छ ।

दीगो शान्ति, सुशासन, विकास र समृद्धि हामी सबैको साझा उद्देश्य हो । यसका लागि फालेलुङ गाउँपालिकाले **'फालेलुङको समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत र भौतिक पूर्वाधार'** को नारालाई मूलमन्त्र मान्दै अघि बढिरहेको छ । विकास बहुआयामिक र जटिल अभियान हो । यसलाई प्राप्त गर्न निश्चय पनि जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, नागरिक समाज, सञ्चार जगत, तथा हरेक नागरिकको रचनात्मक प्रयत्नको सदैव खाँचो पर्दछ ।

वर्तमान नेपालको संविधान, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त निर्देशन, आवधिक योजना, विभिन्न नीति, निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्ययोजनाको अधिनमा रही योजनाहरुको पहिचान र छनौट गरिएको छ ।

वर्तमान नेपालको संविधानको अनुसूचीहरुमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूची अनुरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित प्रक्रिया अवलम्वन गरी यस गाउँबासीहरुको आकाङ्क्षा र श्रोत साधनको सीमितताको बीचमा रहेर टोल स्तरबाट छनौट तथा प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरुलाई प्रस्तावित बजेटमा समेटिएको छ ।

चालु आ.व. २०७७/०७८ को उत्तरार्द्धतिर विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको दोस्रो लहरका बीच पनि बजेट कार्यान्वयनलाई यथासम्भव बढीभन्दा बढी उपलब्धिमूलक बनाउने प्रयास गरिएको कुरा फालेलुङबासी आम जनताहरुलाई महसुस भएकै छ । साथै गाउँपालिकाको आफ्नो श्रोत साधन तथा जनसमुदायबाट प्राप्त भएको सुझाव, सहयोग, साथ र समर्थनले कोरोनाविरुद्धको लडाइमा फालेलुङ गाउँपालिका डटेर लागिरहेको तथ्य पनि सबैलाई अवगत नै छ ।

**सभाध्यक्ष महोदय,**

फालेलुङ गाउँपालिकाको जल, जमिन, जंगल, जलवायू र जनता नै यस गाउँपालिकाको समृद्धिका बलिया आधार हुन् । अर्ग्यानिक खेती, व्यवसायिक पशुपालन, आन्तरिक तथा बाह्य पर्यटन आदिलेको प्रचुर संभाव्यताले यस गाउँपालिकाको सुन्दर भविष्यलाई छर्लङ्ग देखाइदिन्छ ।

यद्धपि जटिल भू बनोट, भौतिक पूर्वाधारहरुको कमी, प्रतिभा पलायन तथा पछिल्लोपल्ट देखा परेको कोरोना भाइरसको दोस्रो लहर र त्यसका कारण विदेशबाट गाउँपालिका फर्किएका अदक्ष तथा अर्धदक्ष जनशक्तिको व्यवस्थापन आदि फालेलुङको समृद्धिका चुनौतीको रुपमा रहेका छन् ।

यही अवसर र चुनौतीका बीच आज फालेलुङ गाउँपालिकाको जननिर्वाचित सभामा पाँचौं पटक बजेट प्रस्तुत हुन लागिरहेको छ ।

**सभाध्यक्ष महोदय,**
**उपस्थित महानुभावहरु,**

चालु आ.व.मा चालु आर्थिक वर्षमा चालु तर्फ संशोधित ३१ करोड ८० लाख ८१ हजार ७ सय ५९ रुपैयाँ विनियोजन भएकोमा उक्त अवधिमा ८८.११ प्रतिशत अर्थात् रु. २८ करोड ०२ लाख ७६ हजार ३ सय ६८ रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

संशोधित पूँजीगततर्फ १९ करोड २ लाख ३६ हजार २४ रुपैयाँ विनियोजन भएकोमा २०७८ आषाढ मसान्तसम्म ८१.२८ प्रतिशत अर्थात् रु.१५ करोड ४६ लाख २६ हजार ३०३ रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका प्रमुख उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०७८/०७९ को बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

(क) गाउँपालिका क्षेत्रभित्र साना सिञ्चाइ आयोजनाहरु सञ्चालन गरी बाह्रै महिना बाली लगाउन सक्ने अवस्था सिर्जना गर्ने ।

(ख) विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसको दोस्रो लहरको प्रकोपको सन्दर्भमा पूर्वतयारी, उपचार, नियन्त्रण र व्यवस्थापनका लागि उपलब्ध श्रोत साधनलाई अधिकतम उपयोग गरी आम गाउँबासीहरुलाई भयमूक्त र चिन्तामूक्त बनाउने,

(ग) कोरोना भाईरसका कारण विदेश तथा देशका विभिन्न स्थानबाट गाउँपालिका फर्किएको जनशक्तिलाई लक्षित गरी रोजगारी सिर्जना गर्ने ।

(घ) जनस्तरबाट बटम अप एप्रोच (Bottom-up Approach)का आधारमा छनौट भई आएका योजनाहरुलाई प्रभावकारी तथा नजितामूलक कार्यान्वय गर्न उपयुक्त संयन्त्रमार्फत अनुगमन/मूल्याङकनलाई प्रभावकारी बनाउने,

(ङ) कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिकरणतर्फ उन्मुख गर्दै लैजाने,

(च) शिक्षा, स्वास्थ्य सेवा प्रकोप व्यावस्थापन तथा समावेशी विकासलाई जोड दिने,

(छ) पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सरकारसँगको सहयोग वृद्धि गर्ने ।

**आर्थिक वर्ष २०७८/०७९ को बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन् :**

(क) साना सिञ्चाइ आयोजनाहरुलाई विशेष प्राथमिकता दिने ।

(ख) कोरोना भाईरसको दोस्रो लहरको पूर्वतयारी, रोकथाम, उपचार, नियन्त्रण र व्यावस्थापन गर्ने ।

(ग) कृषि क्षेत्रमा चालू आ. व. मै घोषणा भएका पकेट क्षेत्रहरुलाई विशेष प्रोत्साहन गर्ने,
(घ) पशुपालनलाई व्यवसायिकता दिन अनुदान दिने,
(ङ) कोरोना भाइरसको कारण आर्थिक संकटमा परेका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विशेष सहयोग गर्ने,
(च) गाउँ कार्यपालिकाको कामकारबाहीका सम्बन्धमा सुशासन, पारदर्शिता, मितव्ययीता तथा प्रभावकारितामा जोड दिने,
(छ) रोजगार तथा स्वरोजगारका अवसरहरु सिर्जना गर्ने,
(ङ) दिगो र समावेशी विकासलाई प्राथमिकता दिने,
(च) विपद् व्यवस्थापनलाई प्राथमिकता दिई आम गाउँबासीहरुलाई अकाल धनजनको क्षतिबाट मूक्त राख्ने ।

**सभाध्यक्ष महोदय,**

अब, म आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आज प्रस्तुत भइरहेको आ.व. २०७८/०७९ का लागि फालेलुङ गाउँपालिकाको योजना, बजेट र कार्यक्रम निर्माण गर्दा वर्तमामन नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरु, नेपाल सरकार पक्ष बनेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरु, चालू पन्ध्रौं आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, संघीय र प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, फालेलुङ गाउँपालिकाबाट नियमानुसार जारी गरिएका कानून तथा निर्णयहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा यस गाउँपालिकाका जनताहरुको आवश्यकता र श्रोतसाधनको उपलब्धतालाई मुख्य आधार बनाइएको छ ।

**फालेलुङ गाउँपालिकाले आ.व. २०७८/०७९ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :**

१) नेपालको संविधान,

२) नेपाल पक्ष बनेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरु,

३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

५) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

६) नेपाल सरकार र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,

७) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

८) नेपाल सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

९) नेपाल सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

१०) फालेलुङ गाउँपालिकाको चालू पञ्चवर्षीय योजना,

११) फालेलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,

१२) स्थानीय शासन सञ्चालनका सिद्धान्त एवं प्रावधानहरु,

१३) समसामयिक सवालहरु जस्तैःकोरोना प्रकोप व्यावस्थापन,समावेशी विकास, दीगो विकास, सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद्व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण बालमैत्री स्थानीय शासन, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।

१४) फालेलुङ गाउँपालिकाको आवश्यकता र श्रोतसाधनको उपलब्धता तथा अन्य विषयहरु ।

**अब म वार्षिक योजना/कार्यक्रम छनौट गर्दा लिईएका आधारहरु प्रस्तुत गर्न अनुमती चाहन्छु,**

१) कोभिड-१९ को दोस्रो लहरको पूर्वतयारी, उपचार, रोकथाम, नियन्त्रण र व्यावस्थापन गर्ने योजनाहरु,

२) राजश्व परिचालनमा योगदान पुऱ्याउने,

३) आर्थिक वृद्धि, आर्थिक विकास र गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने,

४) कृषिको विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण,आयोजनाहरु,

५) स्थानीय समुदायलाई प्रविधिमैत्री बनाउन आवश्यक प्रविधि विकास गर्ने,

६) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,

७) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

८) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,

९) दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,

१०) समुदायलाई विपद् व्यवस्थापन गर्न सक्षम बनाउने साथै जलवायू परिवर्तन अनुकुलनका कार्यहरु गर्ने,

११) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन गर्ने,

१२) बहुसांस्कृतिकता र बहुलवादी समाजको विशेषतालाई प्रर्वद्धन गर्ने र फालेलुङ गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्य ज्यूहरु,**

अब म आ.व. २०७८/०७९ को संक्षिप्त आय विवरण तथा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु :

आगामी आ. व. का लागि नेपाल सरकार तथा १ नं प्रदेश सरकारबाट प्राप्त आय निम्नानुसार रहेको व्यहोरा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु :

| क्र सं | श्रोत | अनुदान | बजेट रु. |
|---|---|---|---|
| १ | संघीय सरकार | समानीकरण | ९ करोड ९४ लाख |
| २ | संघीय सरकार | राजस्व बाँडफाँट | ७ करोड ५७ लाख १९ हजार |
| ३ | प्रदेश सरकार | समानीकरण | ५६ लाख ९९ हजार |
| ४ | प्रदेश सरकार | राजस्व बाँडफाँट | ४१ लाख २३ हजार |

| | | | |
|---|---|---|---|
| ५ | गाउँपालिकाको | अनुमानित राजस्व | ३२ लाख |
| **जम्मा रु.** | | | **१८ करोड ८१ लाख ४१ हजार** |
| | | **संघीय सशर्त अनुदान** | २७ करोड ३४ लाख |
| | | **कुल जम्मा रु.** | **४६ करोड १५ लाख ४१ हजार** |

**जम्मा बजेट : रु. ४६ करोड, १५ लाख, ४१ हजार**

संघ तथा प्रदेशबाट राजस्व बाँडफाँट शीर्षकमा प्राप्त हुने रकमलाई देहाय बमोजिम चालू खर्चमा विनियोजन गरिएको छ :

| | | |
|---|---|---|
| | **संघीय राजस्व बाँडफाँड (रु.७ करोड ५७ लाख १९ हजार) बाट रु. १६ लाख ७७ हजार पूँजीगत तर्फ सारेर बाँकी रु.** | **७ करोड ४० लाख ४२ हजार** |
| | **राजस्व जम्मा रु.** | **७ करोड ४० लाख ४२ हजार** |
| **सि नं** | **खर्च शीर्षक** | **रकम रु.** |
| १ | पारिश्रमिक कर्मचारी (करार प्राविधिक समेत) | १ करोड २५ लाख |
| २ | पोशाक भत्ता (स्वास्थ्यकर्मीलाई समेत) | ७ लाख |
| ३ | स्थानीय भत्ता | ४ लाख |
| ४ | महंगी भत्ता | ६ लाख |
| ५ | फिल्ड भत्ता (प्राविधिकहरु) | ६ लाख ५० हजार |
| ६ | कर्मचारी बैठक भत्ता | ५ लाख |
| ७ | कर्मचारी प्रोत्साहन (स्वयंसेविकाहरुलाई समेत) | ५ लाख |
| ८ | अन्य भत्ता | १ लाख |
| ९ | पदाधिकारी बैठक भत्ता | २ लाख |
| १० | पदाधिकारी अन्य सुविधा | ८५ लाख |
| ११ | कर्मचारी कल्याण कोष | २ लाख |
| १२ | महिला तथा बालबालिका कोष | १ लाख |
| १३ | पानी तथा बिजुली | २ लाख |
| १४ | सञ्चार महसुल | ८ लाख |
| १५ | इन्धन कार्यालय प्रयोजन | १० लाख |
| १६ | सवारी साधन मर्मत | १५ लाख |
| १७ | विमा तथा नवीकरण | ४ लाख |
| १८ | मेशिनरी औजार मर्मत | ५ लाख |
| १९ | मसलन्द तथा कार्यालय सामग्री | २५ लाख |

| | | |
|---|---|---|
| २० | इन्धन अन्य प्रयोजन | १ लाख |
| २१ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | २६ लाख ४२ हजार |
| २२ | करार सेवा शुल्क (कार्यालय सहयोगी, सवारी चालक समेत) | ४५ लाख |
| २३ | अनुगमन तथा मूल्याङ्कन | १० लाख |
| २४ | भ्रमण खर्च | १५ लाख |
| २५ | विविध खर्च | ३३ लाख |
| २६ | गाउँसभा सञ्चालन खर्च | २ लाख ५० हजार |
| २७ | शैक्षिक संस्थाहरुलाई सहायता (स. का., का. स. तथा निजी शिक्षकहरुको तलब तथा भवन निर्माण समेत) | ८५ लाख |
| २८ | स्वास्थ्य संस्थालाई सहायता (लाफेको का. स. तलब समेत) | २६ लाख ५० हजार |
| २९ | अन्य सहायता (बिरामीहरु, संघ संस्थाहरुलाई) | १० लाख |
| ३० | घरभाडा | १२ लाख |
| ३१ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ८ लाख |
| ३२ | मेशिनरी औजार खरिद (कम्प्युटर प्रिन्टर) | १० लाख |
| ३३ | फर्निचर तथा फिक्चर्स | १० लाख |
| ३४ | सेवा परामर्श खरिद ( चालू) | १२ लाख |
| ३५ | पूँजीगत परामर्श खरिद (डि. पि. आर. आदि) | ३० लाख |
| ३६ | स्वास्थ्य संस्थाहरुमा औषधि खरिद | २० लाख |
| ३७ | औषधि उपचार खर्च (पदाधिकारी तथा कर्मचारी) | ५ लाख |
| ३८ | ओ. वि. ओ. टि. (६ जना र पोषण संयोजक तलब) | १६ लाख |
| ३९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५ लाख |
| ४० | पञ्जीकरण शाखालाई एक चौमासिकको खर्च | ४ लाख |
| ४१ | न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी खर्च | ५ लाख |
| ४२ | काफ्लेटार याङवरकस्थित माङमालुङलाई आर्थिक सहयोग | १ लाख |
| ४३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४ लाख |
| ४४ | कर्मचारी क्षमता विकास | ३ लाख |
| ४५ | एफ. एम. तथा पत्रपत्रिकामा लोक कल्याणकारी सूचना तथा सन्देश प्रशारण तथा प्रकाशन | २ लाख |
| ४६ | कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता | ८ लाख |
| ४७ | सामुदायिक विद्यालयहरुमा मातृभाषा कक्षा संचालन | ३ लाख ५० हजार |
| ४८ | भूमि सम्बन्धी कर्मचारी पारिश्रमिक | ५ लाख |

| | | |
|---|---|---|
| ४९ | बहुभाषिक साहित्यिक संगोष्ठी | ३ लाख |
| ५० | अनाथ बालबालिका हेरचाह | १ लाख |
| | **जम्मा रु.** | **७ करोड ४० लाख ४२ हजार** |

संघ तथा प्रदेशबाट वित्तीय समानीकरण शीर्षकमा प्राप्त हुने रकमलाई देहाय बमोजिम पूँजीगत खर्चमा देहाय बमोजिम विनियोजन गरिएको छ :

| **प्रदेश तथा संघीय समानीकरण अनुदानबाट व्यय** | | |
|---|---|---|
| **I** | **संघ समानीकरण अनुदान रु.** | **९ करोड ९४ लाख** |
| **II** | **प्रदेश समानीकरण अनुदान रु .** | **५६ लाख ९९ हजार** |
| **III** | **संघीय राजस्व बाँडफाँड (७५७१९०००) बाट घटाएर रु.** | **१६ लाख ७७ हजार** |
| **IV** | **प्रदेश राजस्व बाँडफाँड रु.** | **४१ लाख २३ हजार** |
| | **गा. पा. को आन्तरिक आम्दानी रु.** | **३२ लाख** |
| **सि नं** | **जम्मा बजेट रु.** | **११ करोड ४० लाख ९९ हजार** |
| १ | विपद् कोष | २० लाख |
| २ | कोरोना कोष | २० लाख |
| ३ | समपूरक कोष (साना सिचाइ आयोजनाका लागि रु. १९१००००० समेत) | २ करोड ६१ लाख |
| ५३ | समपूरक (तीनसिमाना पर्यटक आवास गृह निर्माण तथा गोर्खेपानी देखि तीनसिमाना सम्म रेलिङ सहित पदमार्ग निर्माण) | ४३ लाख |
| ५८ | समपूरक (GWT को थोक्लिम्बा खानेपानी आयोजना) | ८ लाख |
| ४ | सिदेन सामुदायिक विकास क्लबलाई एम्बुलेन्स खरिद गर्न सहयोग | ५ लाख |
| ५ | गाउँपालिकास्तरीय आयोजना | ८८ लाख |
| ६ | वडाहरुलाई बजेट सिलिङ | २ करोड ७७ लाख ५६ हजार |
| ७ | गा. पा. प्रशासनिक भवनसँग सम्बन्धित (शौचालयको खाडल, मेशिनरी वाल समेत) | १ करोड २४ लाख |
| ८ | कृषि विकास कार्यक्रम तर्फ | २५ लाख |
| ९ | पशु विकास कार्यक्रम तर्फ | २५ लाख |
| १० | सहकारी तर्फ | ४ लाख |
| ११ | शिक्षा सम्बन्धी | ३५ लाख |
| १२ | स्वास्थ्य सम्बन्धी | २० लाख |
| १३ | लक्ष्यित कार्यक्रम (महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ, अपांग) | ४० लाख |

| | | |
|---|---|---|
| १४ | संस्कृति प्रवर्द्धन | ८ लाख |
| १५ | युवा तथा खेलकूद (फूटबल, भलिबल, रनिङ शिल्ड) | १० लाख |
| १६ | पर्यटन, वन तथा वातावरण संरक्षण | ५ लाख |
| १७ | उपभोक्ता समिति प्रोत्साहन तथा पुरस्कार | १ लाख |
| १८ | अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | १९ लाख ४३ हजार |
| १९ | गरिबसँग विश्वेश्वर कार्यक्रम | २ लाख |
| २० | आ. व. २०७७।०७८ को भुक्तान बाँकी | १ करोड |
| | **जम्मा अनुमनित व्यय रु.** | **११ करोड ४० लाख ९९ हजार** |

क्षेत्रगत रुपमा हेर्दा देहाय बमोजिम रकम बाँडफाँट गरिएको छ :

**(क) आर्थिक विकास**

**१) कृषि क्षेत्र** : कृषि क्षेत्रको देहायका शीर्षकमा रकम विनियोजन गरिएको छ :

| **३) कृषि विकास कार्यक्रम तर्फ (रु. २५ लाख)** | | |
|---|---|---|
| **क्र. सं.** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
| १ | सामुदायिक व्यवसायिक साझेदारी खेती कार्यक्रम | ६ लाख |
| २ | अर्ग्यानिक तथा जैविक विषादि बनाउने र प्रयोग गर्ने तालिम | २ लाख |
| ३ | कृषि प्राविधिकहरुको लागि अनुगमन, मूल्याङ्कन र प्रोत्साहन भत्ता | १ लाख १० हजार |
| ४ | मौसमी बीउ वितरण | ३ लाख ४० हजार |
| ५ | कार्यालय व्यवस्थापन | ५० हजार |
| ६ | व्यवसायिक अकबरे खोर्सानी खेती साझेदारी कार्यक्रम | ४ लाख ५० हजार |
| ७ | लोपोन्मुख बाली संरक्षण सहयोग कार्यक्रम (फिलुङ्गे तोरी फापर बेसार) | ४ लाख |
| ८ | ७५ प्रतिशत अनुदानमा च्याउको बीउ वितरण | १ लाख ५० हजार |
| ९ | उन्नत गहुँको बीउ वितरण कार्यक्रम | २ लाख |
| | **जम्मा रु.** | **२५ लाख** |

२) **पशु सेवा** :

पशु सेवा क्षेत्रका लागि तपशील बमोजिम बजेट बाँडफाँट भएको छ :

| **३) पशु विकास कार्यक्रम तर्फ (रु. २५ लाख)** | | |
|---|---|---|
| **क्र. सं.** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
| १ | ए. आइ. कन्टेनर (१ थान) | १ लाख |
| २ | ए. आइ. रेफ्री (१ थान) | ५० हजार |
| ३ | रेफ्रिजेरेटर (१ थान) | ३५ हजार |
| ४ | कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनको लागि लिक्विड नाइट्रोजन, ए. आई. गन, सिथ ग्लोभ्स तथा आवश्यक सामाग्री खरिद (ढुवानी समेत) | ३ लाख |
| ५ | पशु उपचार कार्यक्रम | ५ लाख |
| ६ | एक गाउँ एक पशु प्राविधिकको लागि औषधि तथा अत्यावश्यक औजार खरिद | २ लाख |
| ७ | रोग निदान | १५ हजार |
| ८ | पशु स्वास्थ्य शिविर | ४ लाख |
| ९ | हिउँदे जै घाँस बीउ खरिद तथा वितरण | १ लाख ५० हजार |
| १० | विश्व रेबिज दिवस | ५० हजार |
| ११ | चौंरी महोत्सव | ३ लाख |
| १२ | भैंसीको पाडापाडी हुर्काउने कार्यक्रम | ४ लाख |
| | **जम्मा रु.** | **२५ लाख** |

**(ख)सामाजिक विकास**

**१) शिक्षा क्षेत्र** : आगामी आर्थिक वर्षमा शिक्षा क्षेत्रमा देहायका शीर्षकहरुमा खर्च विनियोजन गरिएको छ :

| **५) शिक्षा तर्फ (रु. ३५ लाख)** | | |
|---|---|---|
| **क्र. सं.** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
| १ | सामुदायिक विद्यालयका शिक्षकहरुलाई लेखा सम्बन्धी ३ दिवसीय आवासीय तालिम | ३ लाख |
| २ | वि. व्य. स. सँग शिक्षा, युवा तथा खेलकूद शाखाको अन्तरक्रिया | ३ लाख |
| ३ | सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको परिचयपत्र छपाई | १ लाख |

| | | |
|---|---|---|
| ४ | बालविकास केन्द्रका लागि अभ्यास पुस्तिका निर्माण | ४ लाख |
| ५ | सामुदायिक विद्यालयमा प्राथमिक उपचारको सामग्री खरिद तथा हस्तान्तरण | ५ लाख |
| ६ | विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन खर्च | १ लाख |
| ७ | सामुदायिक विद्यालयका कक्षा १-५ का विद्यार्थीहरुको गृहकार्य डायरी निर्माण | ४ लाख |
| ८ | शिक्षा, युवा तथा खेलकूद शाखालाई मसलन्द खर्च | ५० हजार |
| ९ | शैक्षिक क्यालेण्डर छपाई तथा वितरण | ४ लाख |
| १० | नि. मा. तहमा हाजिरी जवाफ कार्यक्रम सञ्चालन | १ लाख ५० हजार |
| ११ | माध्यमिक तहमा वादविवाद कार्यक्रम सञ्चालन | १ लाख |
| १२ | सामुदायिक विद्यालयका कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालन | ३ लाख |
| १३ | शिक्षक विद्यार्थी लेख पुस्तिका छपाइ तथा वितरण | ३ लाख |
| १४ | श्री सिद्धकाली आ. वि. खोलाघारी खानेपानी व्यवस्थापन | १ लाख |
| | **जम्मा रु.** | **३५ लाख** |

२) **स्वास्थ्य क्षेत्र** :

स्वास्थ्य क्षेत्रका लागि देहाय बमोजिम रकम विनियोजन गरिएको छ :

| **६) स्वास्थ्य सेवा तर्फ (रु. २० लाख)** | | |
|---|---|---|
| **क्र सं** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
| १ | स्वास्थ्यसम्बन्धी विभिन्न तालिम तथा गोष्ठी सञ्चालन | ६ लाख |
| २ | स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुको लागि मसलन्द खर्च | ३ लाख ५० हजार |
| ३ | गाउँघर खोप क्लिनिक सञ्चालन गरेबापत यातायात खर्च (४ वटा संस्थाहरुको लागि मात्र) | १ लाख ५० हजार |
| ४ | स्वास्थ्य संस्थाहरुलाई चाहिने फाराम, फर्म्याट, अनुसूची आदि छपाई | २ लाख |
| ५ | स्वास्थ्य शिविर तथा त्यसका लागि औषधि खरिद | ४ लाख |
| ६ | सिदिन स्वास्थ्य चौकीको शौचालय निर्माण | २ लाख |
| ७ | डेस्क टप कम्प्युटर  तथा डल खरिद | १ लाख |
| | **जम्मा रु.** | **२० लाख** |

**३) <u>लक्ष्यित कार्यक्रम</u> :**

| **७) लक्ष्यित कार्यक्रम तर्फ (रु. ४० लाख)** | | |
|---|---|---|
| **क्र. सं.** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
| १ | ८५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान स्वरुप ब्लाङ्केट खरिद तथा वितरण कार्यक्रम | ४ लाख |
| २ | महिला विकास शाखालाई मसलन्द तथा व्यवस्थापन खर्च | ३० हजार |
| ३ | महिलाहरुको लागि व्यवसायिक तथा सीपमूलक तालिम (प्रत्येक वडाबाट ३ जना) | ३ लाख |
| ४ | बुबा आमा विहीन तथा न्यून आर्थिक स्तर भएका परिवारका बालबालिकाहरुलाई स्टेशनरी वितरण (प्रत्येक वडाका २५ जना) | ३ लाख |
| ५ | गाउँपालिकाभित्रका जनजातिहरुको लोकलय संकलन | २ लाख |
| ६ | ब्युटी पार्लर सम्बन्धी तालिम (प्रत्येक वडाको १ जनालाई) | ३ लाख |
| ७ | दलित समुदायका अगुवा युवाहरुलाई नेतृत्व विकास सम्बन्धी २ दिवसीय अभिमुखीकरण | १ लाख ५० हजार |
| ८ | अन्तर्राष्ट्रिय नारी दिवस | ५० हजार |
| ९ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने सचेतनामूलक कार्यक्रम | ५० हजार |
| १० | राज्यबाट सामाजिक सुरक्षा नपाउने अवस्थाका ६० वर्षदेखि ६९ वर्षसम्मका एकल पुरुषहरुका लागि कार्यक्रम | २ लाख |
| ११ | वडा नं १ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | ३ लाख |
| १२ | वडा नं २ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | ३ लाख |
| १३ | वडा नं ३ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | ७ लाख |
| १४ | वडा नं ४ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | १ लाख ६० हजार |
| १५ | वडा नं ५ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | १ लाख |
| १६ | वडा नं ६ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | ५० हजार |
| १७ | वडा नं ७ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | १ लाख |
| १८ | वडा नं ८ को महिलाभवनको बाँकी काम सम्पन्न गर्न | ३ लाख १० हजार |
| | **जम्मा रु.** | **४० लाख** |

४) युवा तथा खेलकूद तर्फ :

| ९) युवा तथा खेलकूद तर्फ (रु. १० लाख) | | | |
|---|---|---|---|
| क्र सं | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजित रकम रु. |
| १ | गाउँपालिकास्तरीय फूटबल प्रतियोगिता | गाउँपालिका | ३ लाख |
| २ | गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता | गाउँपालिका | २ लाख |
| ५ | राष्ट्रपति रनिङ शिल्ड (गाउँपालिकाभित्र) | गाउँपालिका | ३ लाख |
| ६ | राष्ट्रपति रनिङ शिल्ड (जिल्लामा सहभागिता) | गाउँपालिका | २ लाख |
| | | **जम्मा रु.** | **१० लाख** |

| २) गाउँपालिकास्तरीय आयोजना (रु. ८८ लाख) | | | |
|---|---|---|---|
| क्र. सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजित रकम रु. |
| १ | खुँगा खाल्डे खेल मैदान | वडा नं. १ | ३००००० |
| २ | उर्गेन छोलिङ छो गुम्बाको शौचालय रहने ठाउँ सम्याउने | वडा नं. १ | २००००० |
| ३ | जिमाहा गैरीगाउँ सिडी निर्माण | वडा नं. २ | ५००००० |
| ४ | फिनचिलिङ-टुनीबोटे-वनपाले-तोरीबार-असिने-नरेलुङ धाम सडक निर्माण | वडा नं. ३ | ५००००० |
| ५ | पुस्तके ढुंगा भवन निर्माण | वडा नं. ३ | ४००००० |
| ६ | साम्ले हुँदै निवाखोला आमलबोटे मोटरबाटो निर्माण | वडा नं. २ र ३ | २००००० |
| ७ | वडा कार्यालयको बाँकी काम सम्पन्न | वडा नं. ४ | ९००००० |
| ८ | मेमेङ ४ वनपाला  मोटरबाटो स्तरोन्नति | वडा नं. ४ | २००००० |
| ९ | लुदिन-भैंसे मोटरबाटो निर्माण | वडा नं. ५ | ६००००० |
| १० | सिंहवाहिनी मा. वि. भवनको बाँकी काम सम्पन्न | वडा नं. ६ | ८००००० |
| ११ | सिद्धदेवी मा. वि. घेराबारा | वडा नं. ७ | ५००००० |
| १२ | आङ्बो सङजुङबो माङ्गेना  घेराबारा | वडा नं. ७ | १५०००० |
| १३ | कल्याणेश्वर शिव पाञ्चायन मन्दिर निर्माण बाँसबोटे | वडा नं. ७ | १५०००० |
| १४ | लालीमुहान खानेपानी ट्याङ्की मर्मत | वडा नं. ८ | ४००००० |
| १५ | ओमचोक-मगरचेप्पा भञ्ज्याङ सडक स्तरोन्नति | वडा नं. ८ | ३००००० |
| १६ | वडा नं १, २, ३ र ८ को वडा भवनको बाँकि काम सम्पन्न | सम्बन्धित वडा | २०००००० |

| | | | |
|---|---|---|---|
| १७ | एकिकृत बस्तीमा विद्युत विस्तार तथा सडक सोलिङ | वडा नं ३ | २००००० |
| १८ | इलाका प्रहरी कार्यालय, मच्छेबुङ घेराबारा | वडा नं ३ | २००००० |
| १९ | पापुन्देन आ.वि भवनको बाँकी काम | वडा नं ८ | २००००० |
| २० | वडा नं ०८ मा बालविकास भवन निर्माण | वडा नं ८ | १००००० |
| | **जम्मा रु.** | | **८८०००००** |

(ग) **पूर्वाधार विकास**

१) **भवनतर्फ** :

आगामी आ. व. मा गाउँ कार्यपालिकाको प्रशासनिक भवन निर्माणलाई निरन्तरता दिनका लागि रु. १ करोड २४ लाख विनियोजन गरिएको छ। वडाका महिला भवनहरुको निर्माण कार्यलाई पूर्णता दिनका लागि रु. २० लाख छुट्याइएको छ । साथै वडा कार्यालय भवनहरुको बाँकी काम पूरा गर्नका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

२) **सडकतर्फ** : आगामी आ. व.का लागि फालेलुङ गाउँपालिकामा सडकतर्फ प्रदेश तथा संघीय समपूरक अनुदानमार्फत् गाउँपालिका समेतको साझेदारीमा केही ठूला र बहुआयामिक महत्वका सडकमा लगानी गर्न गाउँपालिकाको समपूरक कोषमा रु. ७० लाख ७८ हजार ३४७ विनियोजन गरिएको छ । यसबाहेक गाउँपालिका तथा वडास्तरमा विभिन्न सडकहरुका लागि आवश्यक बजेट विनियोजन भएको छ।

३) **सिंचाइतर्फ** : आ. व. २०७८/०७९ मा यस गाउँपालिका क्षेत्रभित्र विभिन्न १० वटा साना सिंचाइ योजना सञ्चालन गर्नका लागि समपूरक कोषमा रु १ करोड ९० लाख २१ हजार ६५३ विनियोजन गरिएको छ।

४) **गाउँपालिकास्तरीय योजनाहरु** : गाउँपालिकाभित्र केही महत्वपूर्ण योजनाहरुका लागि रु. ८८ लाख छुट्याइएको छ।

५) प्रदेश सरकार, करुणा फाउण्डेशन र फालेलुङ गाउँपालिकाको त्रिपक्षीय साझेदारीमा चालू आ. व. देखि सञ्चालन हुँदै आएको अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि रु. १८ लाख ४३ हजार विनियोजन गरिएको छ।

६) बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाको तर्फबाट रु. ५ लाख विनियोजन गरिएको छ।

७) प्रधानमन्त्री रोजगार कार्यक्रम प्रवर्द्धनका लागि रु. ४ लाख विनियोजन गरिएको छ।

**वडातर्फ :**

**वडा नं. १** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. १ ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ।

**वडा नं. २** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. २ ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ३** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ३ ले रु. ३६ लाख ४६ हजार ८०० बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ४** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ५** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ५ ले रु. ३८ लाख ७७ हजार २०० बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ६** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ६ ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ७** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ७ ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ ।

**वडा नं. ८** :आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास शीर्षकमा वडा नं. ८ ले रु. ३३ लाख ७२ हजार बजेट बाँडफाँड गरेको छ ।

यसरी आठै वडाहरुलाई प्राप्त बजेट सिलिङ अनुसार विभिन्न क्षेत्रगत रुपमा जम्मा रु. **२ करोड ७७ लाख ५६ हजार** विनियोजन भएको छ ।

**सम्मानित सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

**उपस्थित महानुभावहरु,**

'फालेलुङ समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत र भौतिक पूर्वाधार' भन्ने नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन दीगो विकास र सुशासनको प्रत्याभूति वातावरणको सिर्जना गरिनेछ ।

**अन्त्यमा,**

फालेलुङ गाउँपालिकाको आ. व. २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट निर्माण कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहभागी भई रचनात्मक सहयोग पुऱ्याउनुहुने गाउँ सभाका पदाधिकारीहरु,राजनीतिक दलहरु, विकासप्रेमी महानुभावहरु, समाजसेवी, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, विभिन्न तह रतप्काका महानुभावहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेटतथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारीज्युहरु, बस्ती स्तरीय भेला देखि सहभागी भई आयोजना/कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, प्रमुख प्रशासकीय अधिकृत र विभिन्न

शाखाहरुमा कार्यरत राष्ट्रसेवकहरु लगायत  सबै सबै सहयोगी तथा शुभचिन्तकहरुप्रति एकमुष्ठ रुपमा हार्दिक आभार व्यक्त गर्दछु ।

साथै फालेलुङ गाउँपालिकाको समष्टीगत विकासका लागि सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, १ नं. प्रदेश सरकार, प्रदेश सरकारका विषयगत मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका दातृ तथा साझेदार निकायहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिंदै आगामी दिनहरुमा पनि विकासका हरेक अभियानमा निरन्तर साथ र रचनात्मक समर्थनकोअपेक्षा गर्दै प्रस्तुत बजेट तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राख्दछु । धन्यवाद ।

**हिमा अधिकारी**
**उपाध्यक्ष**
**फालेलुङ गाउँपालिका**
**थोक्लिम्बा, पाँचथर ।**

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम फालेलुङ गाउँसभाबाट पारित भएको यस ऐन, फालेलुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।....................*

सञ्च कुमार केरुङ
(अध्यक्ष)
फालेलुङ गाउँपालिका
थोक्लिम्बा, पाँचथर